# सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति: २०७९।०८।२९)

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७९।८० को लागि तपशिल बमोजिमको कर्मचारी सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदबारहरुबाट दरखास्त आह्वान गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०४।०७९।८० | लघुउद्यम सहजकर्ता | चौथो | १ | उद्यम विकास सहजकर्ता सीप परीक्षण तह ३ लाई प्राथमिकता दिईनेछ । |
| २ | ०५।०७९।८० | रिटर्नी स्वयंसेवक | | १ | |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव:**

क. **उद्यम विकास सहजकर्ता:**

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको, वा

२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशि का परीक्षा (टिएसएलसी) उत्तीर्ण गरेको ।

ख. **रिटर्नी स्वयंसेवक :**

१. न्यूनतम कक्षा १० पास गरी वैदेशिक रोजगार ( खाडी मुलुक र मलेसिया ) मा गई कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको । (सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ )

२. दरखास्त दिने स्थान: बाणगङ्गा नगर कार्यपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मिति: २०७९।०९।१४ गते कार्यालय समय भित्र

४ दरखास्त दस्तुर: क) लघुउद्दम सहजकर्ता रु.८००।-

ख) रिटर्नी स्वयंसेवक रु.५००।-

५. छनौटको किसिम: प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन गरी अन्तरवार्ता लिइने छ ।

६. आवेदन तथा संलग्न कागजातहरु

नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, (रिटर्नी स्वयंसेवकको हकमा माथि उल्लेख गरिए बमोजिम अनुभव खुल्ने प्रमाण सम्बन्धी कागजात)

७. सेवा तथा सुविधा: नियमानुसार

८. उमेर: प्रचलित कानून अनुसार

**बाणगङ्गा नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु**

# दुर्घटनामा महिलाको मृत्यु



रुपन्देही, २८ मंसिर

रुपन्देहीमा मोटरसाइकलको ठक्करबाट एक महिलाको मृत्यु भएको छ। शुद्धोदन गाउँपालिका ५ रजाडमा मंगलबार राति भएको दुर्घटनामा महिलाको मृत्यु भएको प्रहरीले जनाएको छ। मृत्यु हुनेमा पैदलयात्री स्थानीय पुजनी थारु रहेकी छिन्।

उनको उपचारको क्रममा युनिभर्सल कलेज अफ मेडिकल साइन्स अस्पताल भैरहवामा राति ११ बजे मृत्य भएको प्रहरीले बताएको छ। मोटरसाइकल चालक फरार रहेकाले खोजी भइरहेको इलाका प्रहरी कार्यालय छपियाले जनाएको छ।

## स्थायी राजधानी...

प्रदेशसभाबाट लामो समय समम पारित भएपनि लामो समय स्थायी राजधानी स्थान्तरण हुन नसकेको गुनासो आएपछि लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसीकै सक्रियतामा मुख्यमन्त्री तथा मन्त्रीपषिददको कार्यालय अस्थायी मुकाम बुटवलबाट देउखुरीमा स्थान्तरण गरिएको थियो। देउखुरी स्थित राप्ती गाउँपालिकाको राप्ती प्राविधिक शिक्षालयमा प्रदेशसभाको भवन निर्माण गरिएको छ। मन्त्रालयहरू बसाल्नका लागि राप्ती प्राविधिक शिक्षालयलाई गढवामा स्थानान्तरण गरिएको छ। १८ विघा क्षेत्रफलमा रहेको राप्ती प्राविधिक शिक्षालयको परिसरमा ४० बढी साना-ठूला भवनहरू छन्। यही परिसर भित्र प्रदेश सरकारले राजधानीको प्रशासनिक केन्द्र निर्माण गरिएको छ। प्रदेश पूर्वाधार विकास प्राधिकरणका अनुसार प्रशासनिक परिसरभित्र प्रदेशसभा भवन, प्रदेशसभा सचिवालय र प्रदेश सरकारका मन्त्रालयहरू रहनेछन्। मुख्यमन्त्री र मन्त्रीपरिषद्का कार्यालयसहित आठ वटा मन्त्रालय यहाँ राखिनेछ। अन्य भने मन्त्रालय भने परिसर बाहिर राखिने छ। त्यस्तै संसदीय दलको कार्यालय पनि राखिने प्रदेश पूर्वाधार प्राधिकरणले जनाएको छ। यसअघि दाङमा पर्यटन ग्रामीण तथा सहरी विकास र स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय स्थानान्तरण गरिएको थियो।

## गठबन्धन संस्कृतिको...

अर्थतन्त्रको विकासमा राज्यको भूमिका बढाएर सार्वजनिक पुँजी निर्माणमा सर्वसाधारण जनताको सहभागिता बढाउनुको सट्टा क्रोनिजहरूको व्यवस्थापन गर्न सार्वजनिक सम्पत्तिको निजीकरण र अन्धाधुन्ध ऋण लिएर खर्च गर्नेहरूबाट सामाजिक न्यायको के कल्पना गर्नु (नेकपा एमाले घोषणापत्र, २०७९)? एउटा कम्युनिस्ट पार्टी, जो जनताको जीवनस्तर सुधार्न एउटा जण्ड सुधारको कार्यक्रमको सर्तसम्म नराखी घोर दक्षिणपन्थी हुन लालायित छ, सत्तामा सामेल भएर बिनाएजेन्डा मोजमस्ती गर्न मात्र चाहन्छ भने कुन हिसाबले त्यसले आफूलाई माओवादी कहलाइरहन सक्छ?

विचार वा राजनीतिक सिद्धान्त भनेको बकवास होइन; आचरण, व्यवहार, नैतिकता, विधि विधान र समाज र दुनियाँप्रतिको दृष्टिकोणको मूल स्रोत पनि हो- सिद्धान्त। जब सिद्धान्त हुन्न, कार्यक्रम र लक्ष्य पनि बरालिन्छन्। त्यसपछि फगत अवसरवादी-अनैतिक राजनीति बाँकी रहन्छ। सिद्धान्त हुँदा मात्र त्यसको जगमा अनुशासित पार्टी, कार्यक्रम र कार्यान्वयनका लागि संस्थाहरू निर्माण हुन्छन्। गएको निर्वाचनले ठूला दलहरूका सिद्धान्तहीन खोल केही हदसम्म फ्यालिदिएको छ। अब पनि नकाब नउतार्ने हो भने थेग्न नसकिने आन्दोलनको ज्वारभाटा बेहोर्नुपर्ने निश्चित छ।

### मलपोत कार्यालय चन्द्रौटा बाट प्रकाशित हकदावी सम्बन्धि ३५ दिने सार्बजनिक सुचना।

जिल्ला कपिलवस्तु साविक विशुनपुर गा.वि.स वडा नं. ४ हाल शिवराज नगरपालिका वडा नं. ८ बस्ने रामफली गडरियाको नाती राम शंकर गडरियाको छोरा सन्तरा गडरिया समेत ३ जनाले राम शंकर गडरियाको ४ भाई छोराहरुमा जेठो छोरा बहराइची गडरिया माइलो छोरा बच्चुलाल गडरिया साइलो छोरा लालता गडरिया र कान्छो छोरा सन्तराम गडरिया भएकोमा साइलो छोरा ज.ध. लालता गडरियाको अविवाहित अवस्थामा मिति २०७८।०८।०४ मा मृत्यु भएको, जेठो छारा बहराइची गडरियाको मिति २०६३।०५।१८ मा मृत्यु भएको निजको एक मात्र पत्नी चन्द्रावती गडरिया भएको कान्छो छोरा सन्तराम गडरिया भएकोले मृतक ज.ध. लालता गडरियाको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक विशुनपुर गा.वि.स. वडा नं. ३ (ख) का तपशिल अनुसारका जग्गा हाम्रो नाममा संयुक्त नामसारी गरि पाँउ भनि शिवराज नगरपालिका वडा नं. ८ को च.न.४३८ मिति २०७९।०७।१५ गतेको सिफारिस पत्र अनुसार यस कार्यालयको द.नं. २०९१ मिति २०७९।०७।३० मा निवेदन पेश गरेको र तपशिल उल्लेखित कि.नं. र क्षेत्रफलका जग्गा निवेदकहरुको नाममा संयुक्त नामसारी गरिदिदा कसैको हक भोग लाग्ने भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सबुद प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्नुहोला अन्यथा कानुन बमोजिम भैजाने सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।

तपशिल :

| क्र.स | गा.वि.स | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला ज.ध | निवेदक |
|---|---|---|---|---|---|---|
| १ | विशुनपुर | ३ ख | १०५४ | ०-०-१८ १/२ | ल्लाता प्रसाद गडरिया | सन्तराम गडरिया समेत ३ जना |
| २ | " | " | १०५८ | ०-०-० १/२ | " | " |
| ३ | " | " | १०६२ | ०-०-६ | " | " |
| ४ | " | " | ११३६ | ०-०-१९ | " | " |
| | | | | | | |

**लक्षमण प्रसाद चालिसे**

मालपोत अधिकृत




# राष्ट्रिय औद्योगिक प्रदर्शनी: बुटवल मण्डपमा चहलपहल



बुटवल २८ मंसिर

रुपन्देही उद्योग संघले आगामी पौष ७ देखि १९ गतेसम्म बुटवलमा संचालन गर्ने १५ औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव-२०७९ को तयारीको धमाधम अगाडि बढाएको छ। नेपाल उद्योग परिसंघ र लुम्बिनी प्रदेश उद्योग परिसंघसँगको संयुक्त आयोजनामा "संमृद्ध नेपाल निर्माणको आधार, स्वदेशी उद्यमशिलताको विस्तार" भन्ने मुल नाराका साथ प्रर्दशनी आयोजना स्थल बुटवल मण्डपमा निर्माणको काम अन्तिम चरणमा पुगेको छ।

राष्ट्रिय अर्थतन्त्रको विकास विना राज्य स्ववलम्बी हुन सक्दैन र राष्ट्रिय अर्थतन्त्रको विकासका लागि औद्योगिक विकास अपरिहार्य छ। नेपाल जस्तो मुलुकका लागि द्रुततर औद्योगिक क्रान्तिको खाँचो छ। जबसम्म औद्योगिक विकास र आर्थिक गतिविधिलाई राष्ट्रिय अर्थतन्त्रको आधारशिला ठानेर सोही अनुरुप कार्यहरु गर्न सकिदैन। तवसम्म आर्थिक सक्षमताले स्थान पाउन सक्दैन। त्यही आधारशिलाको रुपमा प्रदर्शनीलाई पनि एक आधार मानेर रुपन्देही उद्योग संघले प्रदर्शनी निरन्तर आयोजना गर्दै आएको छ।

राजधानी बाहिर निर्माण गरिएको अन्तराष्ट्रिय प्रर्दशनी स्थल, बुटवल मण्डपमा आयोजना गरिने प्रदर्शनीको तयारीको क्रममा स्टल निर्माण, सहभागी उद्योगहरुको दर्ता, मनोरञ्जन स्थलको काम सम्पन्न हुन अवस्थामा पुगेको निर्माण उपसमितिका संयोजक कम ज्ञवालीले बताउनुभएको छ।

प्रदर्शनीको आयोजकका रुपमा सहयोगीको हात नेपाल उद्योग परिसंघ र लुम्बिनी प्रदेश उद्योग परिसंघले बढाएको छ भने बुटवल उपमहानगरपालिका र लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र काठमाडौं सह आयोजक तथा संघीय सरकारका विभिन्न निकायहरु प्रवर्द्धक रहेका छन्।

२०३५ सालमा उद्योगीहरुको हकहित संरक्षण र सम्वर्द्धन गर्दै देशको औद्योगिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले रुपन्देही उद्योग संघको स्थापना भएको हो। संघले राजधानी काठमाडौ वाहिर प्रथम पटक वि.सं.२०४५ सालमा राष्ट्रिय औद्योगिक प्रदर्शनीको आयोजना गरेको थियो। अहिले देश भर प्रदर्शनी, मेला र महोत्सवले राम्रो स्थान पाएको छ जसको जग रुपन्देही उद्योग संघले हालेको हो। रुपन्देही उद्योग संघको छातामुनी रुपन्देही जिल्ला भरिका करीब एक हजार उद्योगहरु प्रतक्ष्य सदस्य रहेका छन् भने करीब १५०० वस्तुगत उद्योगीहरु संलग्न छन्।

यता अर्को आयोजक नेपाल उद्योग परिसंघ आफ्नो स्थापनाको कालदेखि नै औद्योगिक विकासमा अग्रसर रहदै आएको छ। स्वस्थ प्रतिस्पर्धात्मक एवं अन्तराष्ट्रिय स्तरको औद्योगिक प्रतिष्ठानहरुसँग नेपालका उद्यमीलाई प्रतिस्पर्धा गर्न सक्ने वातावरण तयार गर्न सफल परिसंघको सहकार्यले बुटवलमा आयोजना हुन लागेको प्रदर्शनी अझ परिस्कृत हुने विश्वास लिइएको छ।

निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था भएकोले नेपाल सरकारका प्रमुख निकायहरु, परिषद्हरु र समितिहरुमा यसको प्रतिनिधित्व छ र राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठी, सभा तथा समारोहहरुमा समेत सक्रिय सहभागिता रहेको छ।

यसैगरी प्रदेश स्तरीय संरचना विस्तार भई संघीय गणतन्त्र नेपालको स्थापना पश्चात् लुम्बिनी प्रदेश सरकारसँग समन्वय सहकार्य र उद्योगीहरुका हकहितका निम्ति यस प्रदेशमा स्थापित लुम्बिनी प्रदेश उद्योग परिसंघसंगको सहकार्यले १५ औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव २०७९ लाई सफलतापूर्वक सम्पन्न गर्न निकै सजिलो हुने विश्वास गरिएको छ।

### तयारी उपसमितिहरु

प्रदर्शनी सम्पन्न गर्नका लागि संघका अध्यक्ष माधब प्रसाद पौडेलको मूल संयोजकत्वमा निर्देशन तथा कार्यान्वयन समिति गठन गरिएको छ। आयोजनालाई भव्य, सभ्य र ऐतिहासिक रुपमा सम्पन्न गर्न र तयारीको कामलाई व्यवस्थित गराउन ३१ वटा विभिन्न उपसमिति गठन गरिएको छ।

जस अनुसार मूल्यांकन उपससमितिको संयोजकमा निवर्तमान अध्यक्ष बाबुराम बोहोरा, स्टल दर्ता उपसमिति संयोजकमा वरिष्ठ उपाध्यक्ष दिलिप सापकोटा, स्टल वितरण उपसमिति संयोजकमा प्रथम उपाध्यक्ष कृष्ण प्रसाद पराजुली, स्टल अनुगमन उपसमितिको संयोजकमा द्वितिय उपाध्यक्ष जीवकान्त काफ्ले, मूल समितिको सदस्य सचिवमा महासचिव हरिबहादुर खत्री, बाल उद्यान उपसमिति संयोजकमा कोषाध्यक्ष हिरामणी भट्टराई, परिचय पत्र उपसमिति संयोजकमा सचिव बसन्त ढकाल, परिचय पत्र (स्टल) उपसमिति संयोजकमा महिला सचिव मन्जु भुसाल, गेट टिकट उपसमिति संयोजकमा सहकोषाध्यक्ष सुरेन्द्र ज्ञवाली रहनु भएको छ।

यसैगरी पुरस्कार व्यवस्थापन उपसमिति संयोजकमा कार्यसमिति सदस्य सुमन बस्याल, सौजन्य व्यवस्थापन उपसमिति संयोजकमा प्रज्जवल थान्जु, खेलकूद तथा अतिरिक्त क्रियाकलाप उपसमितिको संयोजकमा माधब प्रसाद नेपाल, श्रव्यदृश्य उपसमिति संयोजकमा अशोक कुँवर, उद्घाटन तथा समापन व्यवस्थापन उपसमितिको संयोजकमा शारदा भट्टराई, प्राथमिक उपचार उपसमिति संयोजकमा मिना थापा, स्टल निर्माण उपसमिति संयोजकमा कमल ज्ञवाली, खानेपानी तथा सरसफाई उपसमिति संयोजकमा प्रेम बहादुर आले, औद्योगिक जनचेतना ऱ्याली उपसमिति संयोजकमा चन्द्रकान्त खनाल, कृषि प्रवर्द्धन उपसमिति संयोजकमा लाल बहादुर थापा, यातायात व्यवस्थापन उपसमिति संयोजकमा बल बहादुर गोदार, पार्किङ्ग व्यवस्थापन उपसमिति संयोजकमा गोविन्द प्रसाद भुसाल, गोष्ठी तथा सेमीनार उपसमिति संयोजकमा राजु घिमिरे, गेट तथा सचिवालय निर्माण उपसमिति संयोजकमा नेत्र रुचाल, साउण्ड तथा मन्च निर्माण उपसमिति संयोजकमा लाल प्रसाद बस्याल, प्रचार प्रसार उपसमिति संयोजकमा लालहरि पाण्डे, अतिथि सत्कार उपसमिति संयोजकमा जमुना सुवेदी पोखरेल, बिद्युत व्यवस्थापन उपसमिति संयोजकमा विशाल बेलबासे, सूचना प्रविधि उपसमिति संयोजकमा रमेश खनाल, सांस्कृतिक उपसमिति संयोजकमा मोहनीलाल रिजाल, सुरक्षा व्यवस्थापन उपसमिति संयोजकमा युवराज आचार्य, पर्यटन प्रवर्द्धन उपसमिति संयोजकमा टंक नारायण आचार्य र प्रदर्शनी प्रबन्धकमा प्रमुख कार्यकारी अधिकृत यादव भण्डारी रहनु भएको छ।

### प्रदर्शनीको उद्देश्य

स्वदेशी उत्पादनलाई प्राथमिकता दिन नेपाली उत्पादनका लागि बजार प्रवर्द्धन गर्न र उपभोक्ता र उत्पादकबीच प्रत्यक्ष सम्पर्क स्थापित गर्ने उद्देश्यका साथ स्वदेशी उद्योगहरु मात्रको सहभागिता रहने गरी रुपन्देही उद्योग संघले राजधानी बाहिर प्रथम पटक २०४५ सालमा र तत् पश्चात् निरन्तर राष्ट्रिय औद्योगिक प्रदर्शनीको आयोजना गर्दै आइरहेको छ। यस पटकको आयोजनामा कृषि, प्रविधि र पर्यटनलाई समेत विशेष प्राथमिकता दिइने मूल समितिका संयोजक माधव प्रसाद पौडेलले बताउनु भएको छ।

बुटवल मण्डपमा निमार्णाधिन आधुनिक प्रदर्शनी स्थलमा नयाँ व्यवस्थापन र संरचनामा पहिलो पटक आयोजना गर्न लागिएको प्रर्दशनीमा स्वदेशी उत्पादन, नयाँ प्रविधि, पर्यटन तथा कृषि लगायतका छुट्टछुट्टै पेभिलियनको व्यवस्था गरिनेछ।

### तयारीको काम तिब्र

प्रर्दशनी आयोजना स्थल बुटवल मण्डपमा सचिवालय स्थापना गरिएपछि दैनिक रुपमा काम अगाडि बढाएको प्रर्दशनी सदस्य सचिव हरि बहादुर खत्रीले बताउनु भयो। सचिवालयबाट स्टल दर्ता, भौतिक निमार्णको काम भैरहेको छ।

तयारीकै क्रममा संघको एक प्रतिनिधि मण्डल पूर्वका औद्योगिक नगर तथा उद्योग प्रतिष्ठानहरुको भ्रमण गरेर बुटवल फर्केको छ। प्रर्दशनीमा सहभागिता जनाउन अनुरोध गर्दै विभिन्न उद्योग प्रतिष्ठानहरुमा पुगेर टोली फर्केको प्रर्दशनी प्रवन्धक यादव प्रसाद भण्डारीले बताउनु भयो। त्यसक्रममा सो प्रतिनिधि मण्डलले चितवन, हेटौडा, विरगंज, पोखरामा औद्योगीक क्षेत्रहरुमा रहेका उद्योग प्रतिष्ठानहरुको भ्रमण गर प्रर्दशनीमा सहभागिताका लागि औपचारिक रुपमा आमन्त्रण गरेको छ।

यस आयोजनामा देशका विभिन्न जिल्लाहरुबाट स्वदेशी उद्योगीहरुको सक्रिय सहभागिता रहने, करीब ६ लाख दर्शकहरुको सहभागिता रहने अपेक्षा लिएको रुपन्देही उद्योग संघले जनाएको छ।

### सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति: २०७९।०८।२९)

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७९।८० को लागि तपशिल बमोजिमको कर्मचारी सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदबारहरुबाट दरखास्त आह्वान गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०४।०७९।८० | लघुउद्यम सहजकर्ता | चौथो | १ | उद्यम विकास सहजकर्ता सीप परीक्षण तह ३ लाई प्राथमिकता दिईनेछ। |
| २ | ०५।०७९।८० | रिटर्नी स्वयंसेवक | | १ | |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**

क. **उद्यम विकास सहजकर्ता**:

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको, वा
२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशि का परीक्षा (टिएसएलसी) उत्तीर्ण गरेको।

ख. **रिटर्नी स्वयंसेवक** :

१. न्यूनतम कक्षा १० पास गरी वैदेशिक रोजगार ( खाडी मुलुक र मलेसिया ) मा गई कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको। (सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ )

२. दरखास्त दिने स्थानः बाणगङ्गा नगर कार्यपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मितिः २०७९।०९।१४ गते कार्यालय समय भित्र

४ दरखास्त दस्तुरः क) लघुउद्मम सहजकर्ता रु.८००।-
ख) रिटर्नी स्वयंसेवक रु.५००।-

५. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन गरी अन्तरवार्ता लिइने छ।

६. आवेदन तथा संलग्न कागजातहरु
नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, (रिटर्नी स्वयंसेवकको हकमा माथि उल्लेख गरिए बमोजिम अनुभव खुल्ने प्रमाण सम्बन्धी कागजात)

७. सेवा तथा सुविधाः नियमानुसार

८. उमेरः प्रचलित कानून अनुसार

**बाणगङ्गा नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु**